**नेपाल, गण्डकी प्रदेश, तनहुँ, व्यास नगरपालिका**

# स्थानीय राजपत्र

**खण्ड ६, संख्याः १३, पौष २९ गते, २०७९ साल**


व्यास नगरपालिकाको नगर सभाले पारित गरेको तल लेखिए बमोजिमको ऐन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम आम नागरिकको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# भाग १

## व्यास नगर प्रज्ञा प्रतिष्ठान ऐन, २०७९

सभाबाट पारित मिति २०७९।९।२९

**प्रस्तावना**: व्यास नगरपालिकाको भाषा, संस्कृति, साहित्य र ललितकलाको संरक्षण र विकास गर्न, परम्परागत जात्रा तथा पर्वको सञ्चालन र व्यवस्थापन गर्न प्रचलित कानुन विरुद्धका कुरीति तथा कुसंस्कार विरुद्ध सामाजिक परिचालन सम्बन्धी कार्य गर्न नेपालको संविधानको धारा २२६ (१) र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (१) बमोजिम व्यास नगर सभाले यो ऐन बनाई जारी गरेको छ ।

परिच्छेद १

प्रारम्भ

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "व्यास नगर प्रज्ञा प्रतिष्ठान ऐन, २०७९" रहने छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

(३) यो ऐनको कार्यक्षेत्र व्यास नगरपालिका भित्र रहने छ ।

२. **परिभाषाः** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा या ऐनमाः

(क) "प्रज्ञा प्रतिष्ठा/प्रतिष्ठान" भन्नाले दफा ३ बमोजिम गठन भएको व्यास नगर प्रज्ञा प्रतिष्ठान सम्झनु पर्छ ।

(ख) "प्रज्ञा सभा" भन्नाले दफा ७ बमोजिम प्रज्ञा सभा सम्झनु पर्छ ।

(ग) "प्रज्ञा परिषद" भन्नाले दफा ८ बमोजिम गठित प्रज्ञा परिषद् सम्झनु पर्छ ।

(घ) "नगरपालिका" भन्नाले व्यास नगरपालिका सम्झनु पर्छ ।

(ङ) "प्रमुख" भन्नाले व्यास नगरपालिकाको नगर प्रमुख सम्झनु पर्छ।
(च) "कुलपति" भन्नाले व्यास नगर प्रज्ञा प्रतिष्ठानका कुलपति सम्झनु पर्छ।
(छ) "उपप्रमुख" भन्नाले व्यास नगरपालिकाको नगर उप्रमुख सम्झनु पर्छ।
(ज) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले व्यास नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ।
(झ) "कार्यपालिका सदस्य" भन्नाले व्यास नगरपालिकाको कार्यपालिका सदस्य सम्झनु पर्छ।
(ञ) "उपकुलपति" भन्नाले दफा १० (३) बमोजिम व्यास नगरपालिकाले मनोनयन गरेको व्यास नगर प्रज्ञा प्रतिष्ठानको उपकुलपति सम्झनु पर्छ।
(ट) "परिषद सदस्य" भन्नाले दफा १० (३) बमोजिम मनोनयन गरेको व्यास नगर प्रज्ञा प्रतिष्ठानको परिषद् सदस्य सम्झनु पर्छ।
(ठ) "प्रज्ञा सभा सदस्य" भन्नाले दफा १० (३) बमोजिम मनोनयन गरेको व्यास नगर प्रज्ञा प्रतिष्ठानको परिषद् सदस्य सम्झनु पर्छ।
(ड) "नगर सभा" भन्नाले व्यास नगरपालिकाको सभा सम्झनु पर्छ।
(ढ) "कार्यपालिका" भन्नाले व्यास नगरपालिकाको नगर कार्यपालिका सम्झनु पर्छ।
(ण) "सदस्य सचिव" भन्नाले व्यास नगरपालिकाको प्रज्ञा प्रतिष्ठानको सदस्य सचिवको कामकाज तोकिएको कर्मचारी सम्झनु पर्छ।
(त) "सचिवालय" भन्नाले प्रज्ञा प्रतिष्ठानको सचिवालय सम्झनु पर्छ।
(थ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।
(द) "सहकुलपति" भन्नाले व्यास नगर प्रज्ञा प्रतिष्ठानको सहकुलपति सम्झनु पर्छ।

## परिच्छेद २
## प्रज्ञा प्रतिष्ठानको स्थापना, काम, कर्तव्य र अधिकार

३. **प्रज्ञा प्रतिष्ठानको स्थापनाः** (१) नगर भित्र रहेका भाषा, साहित्य, कला, संस्कृतिको अध्ययन, अनुसन्धान, संरक्षण, सवर्द्धन र विकासका लागि "व्यास नगर प्रज्ञा प्रतिष्ठान" नामको एक प्रज्ञा प्रतिष्ठानको स्थापना गरी सञ्चालनमा ल्याइने छ।

(२) प्रज्ञा प्रतिष्ठानको कार्यालय नगरपालिका कार्यालयमा रहने छ।

४. **प्रज्ञा प्रतिष्ठान स्वतन्त्र र अधिकार सम्पन्न हुनेः** (१) प्रज्ञा प्रतिष्ठानले नगर सभाबाट पारित नीति र बजेटको सीमाभित्र प्रज्ञा सभाबाट स्वीकृत कार्यक्रम कार्यान्वयन गर्ने व्यास नगरको अभिन्न अङ्ग हुनेछ। यो एक स्वतन्त्र र अधिकार सम्पन्न प्रज्ञा प्रतिष्ठान रहने छ।

(२) प्रज्ञा प्रतिष्ठानले व्यक्ति सरह चलअचल सम्पति प्राप्त गर्न, उपयोग गर्न, बेचबिखन गर्न वा अन्य कुनै किसिमले व्यवस्था गर्न सक्नेछ।

(३) प्रज्ञा प्रतिष्ठानले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न तथा प्रज्ञा प्रतिष्ठान उपर पनि नालिस उजुर लाग्न सक्नेछ।

(४) प्रज्ञा प्रतिष्ठानले व्यक्ति सरह करार गर्न करार बमोजिमको अधिकार प्रयोग गर्न तथा दायित्व निर्वाह गर्न सक्नेछ।

५. **प्रज्ञा प्रतिष्ठानको काम, कर्तव्य र अधिकारहरुः** यस ऐनमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारको अतिरिक्त प्रज्ञा प्रतिष्ठानको काम, कर्तव्य र अधिकारहरु देहाय बमोजिम हुनेछः

(क) प्रज्ञा प्रतिष्ठानको नीति तथा कार्यक्रम तर्जुमा गर्ने ।
(ख) नगरभित्र रहेको भाषा, साहित्य, कला, संस्कृतिको अध्ययन, अनुसन्धान, संरक्षण, सवर्द्धन र विकासका लागि कार्यक्रमहरु सञ्चालन गर्ने ।
(ग) नगर क्षेत्रभित्रका स्रष्टाहरुका सिर्जना प्रकाशनको लागि प्रोत्साहन गर्ने ।
(घ) नगरका साहित्यिक कृतिहरु निश्चित खरिद गरी प्रोत्साहन गर्ने ।
(ङ) स्वदेशी तथा विदेशी साहित्यिक कृतिहरुको सहयोग, उपहार ग्रहण गर्ने ।
(च) नगर क्षेत्रभित्रका सामुदायिक पुस्तकालयहरुलाई व्यवस्थितरुपमा सञ्चालन गर्न प्रोत्साहन गर्ने ।
(छ) नगर भित्र रहेका साहित्यक संस्थाहरु व्यास नगरमा दर्ता, नवीकरण र सूचीकरण गर्ने ।
(ज) साहित्यक संस्थाहरुको अनुगमन र मूल्यांकन गर्ने नियामक भूमिका निर्वाह गर्ने ।
(झ) व्यास नगर पुस्ताकालयलाई व्यवस्थित गर्ने ।
(ञ) अन्य प्रदेश, स्थानीय पालिका तथा संघीय सरकार एवं नेपाल प्रज्ञा प्रतिष्ठान, नाट्य कला प्रतिष्ठान, ललितकला लगायत सरोकारवाला संस्थाहरुसँग समन्वय र सहकार्य गर्ने ।
(ट) भाषा, साहित्य, संस्कृति, कला, सामाजिक शास्त्र, दर्शन शास्त्र आदि विविध विषयको खोज, अनुसन्धान, अन्वेषण गर्न लेखनवृत्ति प्रदान गर्ने ।
(ठ) विश्वविद्यालयहरु/स्थानीय महाविद्यालयहरुसँग सहकार्य गरी स्नातकोत्तर तहका विद्यार्थीहरुलाई भाषा, कला, साहित्यकसँग सम्बन्धित बिषयमा शोध कार्यका लागि प्रोत्साहन गर्ने ।
(ड) देश भित्रका विविध भाषाका कृति र विदेशी भाषामा शोध कार्यका लागि प्रोत्साहन गर्ने ।
(ढ) भाषा, साहित्य, संस्कृति, कला सम्बन्धी राष्ट्रिय, अन्तराष्ट्रिय सभा सम्मेलन, गोष्ठी सञ्चालन गर्ने तथा सहभागिता जनाउने ।
(ण) नगरका विभिन्न जात, जाति, धर्म, सम्प्रदायका सांस्कृतिक पहिचान झल्कने प्रदर्शनी कक्ष र संग्राहलय निमार्णमा सहयोग गर्ने ।
(त) लामो समयदेखि साहित्य र कला साधनामा लागेर विशिष्ट पहिचान भएका श्रष्टाहरुलाई सम्मान गर्ने ।
(थ) लोपोन्मुख भाषा, संस्कृति, स्थानीय कलाको संरक्षण र सम्वर्द्धन गर्ने ।
(द) नगर सभाले पारित गरेका अन्य भाषा, साहित्य, कला र संस्कृति संरक्षण र सम्बर्द्धन गर्ने ।

## परिच्छेद ३
## प्रज्ञा प्रतिष्ठानको संरचना

६. **प्रतिष्ठानको संरचनाः** प्रतिष्ठानको संरचना देहाय बमोजिम हुनेछ र/ यिनीहरुको सामुहिक रुप नै व्यास नगर प्रज्ञा प्रतिष्ठान हुनेछः
(क) प्रज्ञा सभा
(ख) प्रज्ञा परिषद

७. **प्रज्ञा सभाः** (१) प्रज्ञा प्रतिष्ठानको सर्वोच्च निकायको रुपमा एक प्रज्ञा सभा रहने छ ।
(२) प्रज्ञा सभामा पैतिस जना रहने छन् । सभाको गठन देहाय बमोजिम हुनेछः

| | |
|---|---|
| (क) कुलपति (प्रमुख) | अध्यक्ष -पदेन |
| (ख) सहकुलपति (उपप्रमुख) | सदस्य - ,, |

(ग) प्रमुख प्रशासकीय अधिकृत सदस्य - ,,

(घ) उपकुलपति सदस्य - ,,

(ङ) नगरपालिका सामाजिक विकास समिति संयोजक सदस्य ,,

(च) कार्यपालिका सदस्य (वडा अध्यक्षसमेत) हरु मध्येबाट कम्तिमा एक जना महिलासहित कार्यपालिकाले तोकेको दुई जना -सदस्य

(छ) नगरपालिका क्षेत्रभित्र रहेका भाषा, साहित्य, कला, संस्कृति तथा साहित्यक संस्थाहरुमध्येबाट समावेशितालाई समेत ध्यानमा राखी कार्यपालिकाले दफा १० (३) बमोजिम मनोनय गरेका परिषदका तीन सदस्य सहित सत्ताइस जना -सदस्य

(ज) नगर शिक्षा शाखा प्रमुख सदस्य सचिव

(३) उपदफा "घ" र "छ" बमोजिम मनोनित उपकुलपति र सदस्यहरुको पदावधि चार वर्षको हुनेछ ।

(४) कुनै कारणले प्रज्ञा सभाका मनोनित सदस्यको पद रिक्त हुन आएमा बाँकी कार्यकालको लागि त्यस्तो सदस्य जुन विधा, क्षेत्रबाट मनोनयन भएको हो सोही विधा, क्षेत्र र प्रक्रियाबाट अर्को व्यक्तिलाई मनोनयन गरिने छ ।

(५) प्रज्ञा सभाको काम, कर्तव्य र अधिकारः प्रज्ञा सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) प्रज्ञा प्रतिष्ठानको नीति निर्धारण गर्ने ।

(ख) नगर सभाले तोकेको बजेट सीमामा रही प्रज्ञा प्रतिष्ठानको वार्षिक योजना तथा कार्यक्रम स्वीकृत गर्ने ।

(ग) प्रज्ञा प्रतिष्ठानको वार्षिक बजेट पारित गर्ने ।

(घ) विद्वत वृत्ति सम्मान तथा पुरस्कार अनुमोदन गर्ने ।

(ङ) परिषद्लाई आवश्यक निर्देशन र मार्गदर्शन गर्ने ।

(च) परिषदका कामको अनुगमन तथा मुल्याकन गर्ने ।

(छ) प्रज्ञा प्रतिष्ठानको नियमावली स्वीकृत गर्ने ।

(ज) तोकिए बमोजिमका काम गर्ने ।

(६) प्रज्ञा सभाको बैठक सामान्यतः वर्षको दुई पटक बस्नेछ । बैठक बस्नुअघि बैठक बस्ने स्थान, मिति, समय र छलफलको कार्यसूची सहितको सदस्यहरुलाई कम्तिमा सात दिन पहिले दिनु पर्नेछ ।

(७) सभामा तत्काल कायमा रहेका सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरुमा उपस्थित भएमा सभाको बैठकको लागि गणपुरक संख्या पुगेको मानिने छ ।

(८) सभाको बैठकको अध्यक्षाता कुलपतिले र निजको अनुपस्थितिमा सहकुलपतिले गर्नेछन् ।

(९) सभाको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(१०) सभाको बैठकको निर्णय सभाको उपकुलपति/सदस्य सचिवले प्रमाणित गरी राख्नेछ ।

(११) सभाको बैठक सम्बन्धी अन्य कार्यविधि प्रज्ञा सभा आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

८. **प्रज्ञा परिषद्को गठनः** (१) प्रज्ञा प्रतिष्ठानको प्रशासनिक तथा प्रज्ञा सभाबाट र नगर सभाबाट स्वीकृत कार्यक्रम कार्यान्वयनका लागि एक स्वतन्त्र र अधिकार सम्पन्न कार्यकारी निकायको पाँच सदस्यीय प्रज्ञा परिषद् रहने छ ।

(२) परिषद्को गठन र स्वरुप देहाय बमोजिम हुनेछः

(क) उपकुलपति -अध्यक्ष

(ख) प्रज्ञा सभा सदस्यहरु मध्येबाट कम्तिमा एक जना महिलासहित तीन जना -सदस्य

(ग) नगर शिक्षा शाखा प्रमुख -सदस्य सचिव

(३) कुनै कारणले उपदफा २ (ख) बमोजिमका सदस्यको पद रिक्त हुन गएमा बाँकी अवधिको लागि त्यस्तो सदस्य जुन विधा वा क्षेत्रबाट मनोनय भएको हो सोही विधा वा क्षेत्र र प्रक्रियाबाट अर्को व्यक्तिलाई मनोनय गरिने छ ।

(४) उपकुलपति परिषद्को कार्यकारी प्रमुख हुनेछ ।

(५) परिषद्का सदस्य संयोजक रहने गरी उपकुलपतिले सदस्यहरु मध्येबाट भाषा, साहित्य, कला र संस्कृतिको क्षेत्र हेर्ने गरी विभाग वा उपसमितिको गठन गर्न सक्नेछन् ।

(६) परिषदको बैठक कम्तिमा महिनाको १ पटक बस्नेछ ।

९. **प्रज्ञा परिषद्को काम, कर्तव्य र अधिकारः** परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) प्रज्ञा सभाले गरेका निर्णयहरु कार्यान्वयन गर्ने ।

(ख) प्रज्ञा सभाले दिएको निर्देशन पालना गर्ने ।

(ग) सदस्य सचिवले पेश गरेको वार्षिक कार्यक्रम, बजेट, प्रगति प्रतिवेदन तथा कार्यक्रमहरुका सम्बन्धमा छलफल तथा आवश्यकता अनुसार संसोधन गरी अनुमोदनका लागि प्रज्ञा सभामा पेश गर्ने ।

(घ)विद्वतवृत्ति, सम्मान तथा पुरस्कार अनुमोदनको लागि प्रज्ञा सभामा पेश गर्ने ।

(ङ) परिषद्को काम कारबाहीको सम्बन्धमा आवश्यकता अनुसार समिति, उपसमिति वा कार्यटोली गठन गर्ने र त्यस्तो समिति, उपसमिति वा कार्यटोलीको काम, कर्तव्य र अधिकार तोक्ने ।

(च) तोकिए बमोजिमका काम गर्ने ।

१०. **सिफारिस समितिः** (१) प्रज्ञा प्रतिष्ठानको उपकुलपति, मनोनित हुने प्रज्ञा सभा सदस्यहरु र प्रज्ञा परिषद्का सदस्यहरुको मनोनयनका लागि नगरपालिका समक्ष सिफारिस गर्न प्रमुख प्रशासकिय अधिकृतको संयोजकत्वमा नगर प्रमुखले तोकेको दुई जना प्रतिष्ठित साहित्यकारहरु सम्मिलित सिफारिस समिति गठन गरिने छ ।

(२) उपदफा (१) बमोजिम गठित सिफारिस समितिले नगरपालिका क्षेत्रभित्र रहेका कला, संस्कृति, दर्शन तथा सामाजिक शास्त्र सम्बन्धी विधामा पन्ध्र वर्षदेखि क्रियाशील रहेका, कम्तिमा दुई कृतिहरु प्रकाशन गरेका, प्राज्ञिक क्षेत्रमा विशिष्ट पहिचान बनाएका ख्यातिप्राप्त व्यक्तिहरुमध्येबाट सम्भव भएसम्म भाषा-साहित्य, कला, संस्कृति, दर्शन तथा समाजशास्त्र सम्बन्धि सबै विधाबाट प्रतिनिधित्व हुने र जाति, लिङ्ग, भाषाभाषी समेतलाई समेट्ने गरी उपकुलपतिको लागि तिन जना र प्रज्ञा सभा र प्रज्ञा परिषद् सदस्यको लागि पैतीस जनाको नाम प्राथमिकता तोकी नगरपालिका समक्ष सिफारिस गर्नेछ ।

(३) सिफारिस समितिबाट सिफारिस भई आएका व्यक्तिहरुमध्येबाट नगरपालिकाले एकजना उपकुलपति, कम्तिमा एक जना महिला सहित तीन जना प्रज्ञा परिषद् सदस्य र चौविस जना प्रज्ञा सभा सदस्यको मनोनय गर्नेछ ।

## परिच्छेद ४
## प्रज्ञा प्रतिष्ठानको कुलपति, सहकुलपति, उपकुलपति प्रज्ञा सभा सदस्य तथा सचिवालय

**११. कुलपतिः** प्रज्ञा प्रतिष्ठानको कुलपति नगरपालिकाका नगर प्रमुख हुनेछन् ।

**१२. सहकुलपतिः** प्रज्ञा प्रतिष्ठानको सहकुलपति नगरपालिकाका उपप्रमुख हुनेछन् ।

**१३. उपकुलपतिः** (१) उपकुलपति प्रज्ञा प्रतिष्ठानको प्रमुख पदाधिकारी हुनेछन् ।

(२) उपकुलपतिको नियुक्तिः कार्यपालिकाले दफा १० बमोजिम गठित सिफारिस समितिको सिफारिसमा प्रतिष्ठानको उपकुलपति नियुक्ति गर्नेछ ।

(३) उपकुलपतिको काम, कर्तव्य र अधिकारः यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त उपकुलपतिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः .

(क) सभाले दिएको निर्देशन र परिषदले गरेका निर्णयको कार्यान्वयन गर्ने, गराउने,

(ख) वार्षिक कार्यक्रम, बजेट, कार्यक्रमहरुः प्रगति प्रतिवेदन तयार गर्ने गराउने,

(ग) स्वदेशी तथा विदेशी संघ, संस्थाहरुसँग प्रज्ञा प्रतिष्ठानको कामसँग सम्बन्धित विषयमा सम्पर्क -समन्वय गर्ने र गराउने ।

(घ) तोकिए बमोजिमका काम गर्ने ।

**१४. प्रज्ञा सभा सदस्यः** (१) प्रज्ञा प्रतिष्ठानको उद्देश्य पूर्तिका लागि दफा ७ (२) बमोजिमको प्रज्ञा सभा सदस्यको नियुक्ति गरिने छ ।

२) कार्यपालिकाले दफा १० बमोजिम गठित सिफारिस समितिको सिफारिस मध्येबाट प्रज्ञा सभा सदस्यको नियुक्ति गर्ने गर्नेछ ।

**१५. प्रज्ञा परिषद सदस्यः** प्रज्ञा प्रतिष्ठानको काम कारवाहीलाई व्यविस्थत ढंगले सञ्चालन गर्न दफा ८ (२) बमोजिम प्रज्ञा परिषद सदस्य तोकिने छ ।

**१६. सदस्य सचिवः** (१) प्रज्ञा प्रतिष्ठानको काम कारवाहीलाई व्यवस्थित ढंगले सञ्चालन गर्न नगरपालिका शिक्षा तथा सामाजिक विकास शाखा प्रमुख सदस्य सचिव हुनेछन् ।

(२) सदस्य सचिवको काम तोकिए बमोजिम हुनेछ ।

**१७. पद रिक्त हुनेः** देहायका अवस्थामा प्रतिष्ठानका उपकुलपति, प्रज्ञा सभाका सदस्य तथा प्रज्ञा परिषदका सदस्यहरुको पद रिक्त मानिने छः

(क) निजको पदावधि समाप्त भएमा ।

(ख) निजले राजीनामा दिएमा ।

(ग) निजको मानसिक सन्तुलन ठीक नभएमा ।

(घ) निजले नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा ।

(ङ) निज दफा ७ बमोजिम हटेमा ।

(च) निजको मृत्यु भएमा ।

**१८. <u>पदबाट हटाउन सक्ने:</u>** (१) प्रतिष्ठानका उपकुलपति, प्रज्ञा सभा तथा प्रज्ञा परिषद्का मनोनित सदस्यले यस ऐनको उद्देश्य बमोजिम काम नगरेको वा आफ्नो पद अनुकुलको आचरण नगरेको वा इमान्दारीपुर्वक कार्य नगरेको वा निजमा कार्य क्षमताको अभाव भएको कारण देखाई प्रज्ञा सभामा तत्काल कायम रहेका कम्तिमा एक चौथाई सदस्यले कुलपति समक्ष लिखित निवेदन दिएमा कुलपतिले एक छानविन समिति गठन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित छानविन समितिले सो सम्बन्धमा छानविन गरी आफ्नो प्रतिवेदन कुलपति समक्ष पेश गर्नेछ ।

(३) उपदफा (२) बमोजिम पेश भएको प्रतिवेदनबाट निजलाई पदबाट हटाउन उपयुक्त लागेमा कुलपतिले हटाउने सक्नेछ ।

(४) प्रतिष्ठानका उपकुलपति, प्रज्ञा सभाका सदस्य तथा प्रज्ञा परिषद्का सदस्यलाई पदबाट हटाउनु अघि सफाईको मौका दिनु पर्नेछ ।

**१९. <u>सचिवालय:</u>** (१) प्रतिष्ठानको सचिवालय नगरपालिका कार्यालयमा रहने छ ।

(२) प्रज्ञा प्रतिष्ठानको सम्पर्क/समन्वय शाखाको रुपमा शैक्षिक प्रशासन शाखा रहने छ ।

(३) प्रज्ञा प्रतिष्ठानको वार्षिक प्रतिवेदन यसै शाखा मार्फत नगरपालिकामा पेश हुनेछ ।

(४) सचिवालयमा प्रतिष्ठानका सचिव र आवश्यकता अनुसार अन्य कर्मचारीहरु रहन सक्ने छन् ।

## परिच्छेद ५
## <u>विविध</u>

२०. प्रतिष्ठानका उपकुलपति, प्रज्ञा, सभा तथा प्रज्ञा परिषदका मनोनित सदस्यहरुले अनुसूची १ बमोजिम कुलपति समक्ष शपथ लिनु पर्नेछ ।

२१. सेवा, शर्त र सुविधाः प्रतिष्ठानका उपकुलपति, प्रज्ञा सभाका सदस्य तथा प्रज्ञा परिषद्का सदस्यहरुको पारिश्रमिक, सेवा शर्त र सुविधा तोकिए बमोजिम हुनेछ ।

२२. प्रज्ञा प्रतिष्ठानले मापदण्ड निर्धारण गरी नगरको भाषा-साहित्य, कला, संस्कृतिको क्षेत्रमा विशिष्ट योगदान पुर्याउने स्रष्टाहरुलाई ऐन बमोजिम विशिष्ट, आजीवन, श्रेयस्कर सदस्यता उपलब्ध गराउन सक्नेछ ।

२३. प्रज्ञा प्रतिष्ठानले छुट्टै प्रतिक चिन्ह/लोगो, लेटर, प्याड, छापको प्रयोग गर्न सक्नेछ ।

२४. नगरपालिकाले यस ऐनको उद्देश्य कार्यान्वयन गर्न आवश्यक नियम, नियमावली, कार्यविधि, निर्देशिका बनाउन सक्नेछ ।

२५. व्यास नगर प्रज्ञा प्रतिष्ठान ऐन २०७८ खारेज गरिएको छ ,

अनुसूची १
(दफा २० सँग सम्बन्धित)
<u>शपथ</u>

म.........................................................सत्य र जनताप्रति पूर्ण बफादार रही सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्दछु ईश्वर, देश र जनताको नाममा शपथ लिन्छु कि नेपालको राजकीय सत्ता र सार्वभौमसत्ता सम्पन्न जनतामा मात्र निहित रहेको नेपालको संविधानप्रति पूर्ण वफावार रही व्यास नगर प्रज्ञा प्रतिष्ठानको ..................पदको कामकाज प्रचलित कानूनको अधिनमा रही कसैको डर नमानी, पक्षपात नगरी ,कसैप्रति पूर्वाग्रह वा खराब भावना नलिई इमान्दारीसाथ गर्नेछु र आफ्नो कर्तव्य पालनाको सिलसिलामा आफूलाई जानकारी भएको कुरा म पदमा वहाल रहँदा वा नरहँदा जुनसुकै अवस्थामा पनि प्रचलित कानूनको पालना गर्दा बाहेक अरु अवस्थामा कुनै किसिमबाट पनि प्रकट वा सङ्केत गर्ने छैन ।

नाम थरः .............................          दस्तखतः .............................
मितिः

नाम थरः ........................................          दस्तखतः ............................
पदः
मितिः

अनुसूची २

(दफा २३ सँग सम्बन्धित)

<u>प्रतिक चिन्ह</u>

षट्कोणको बिचमा सरस्वतीको तस्वी रहने त्यसको शिरानमा “व्यास नगर प्रज्ञा प्रतिष्ठान र पुछारमा “तनहुँ दमौली (स्था.२०७९)” त्यसको तलपट्टि “गण्डकी प्रदेश, नेपाल” रहने छ ।

आज्ञाले

हरिराम नागिला

प्रमुख प्रशासकीय अधिकृत